# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ मई २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

१. सिक्किमले आज आफ्नो ५० औ स्थापना दिवस मनाइरहेछ, यस अवसरमा राष्ट्रपति र प्रधानमन्त्रीले सिक्किमका जनतालाई शुभकामना दिनुभएको छ।

२. आरजी कर मेडिकल कलेजमा महिला डाक्टरसित भएको दुष्कर्म तथा हत्याको रहस्य अझ गहिरिँदै गइरहेको छ।

३. पश्चिम बङ्गालमा शिक्षक भर्ती घोटालाको विरोधमा आन्दोलित शिक्षकहरूको सङ्घर्ष कम हुने सकेत् छैन।

४. कालेबुङमा पानीको समस्या गम्भिर बन्दै गइरहेको छ।

५. कृषि विभागको प्रमुख सक्रियतामा गोक दुई ग्राममा रेनफल एरिया डेब्लोपमेन्ट क्लाइमेट चेन्ज प्रकल्पबारेमा एक दिने जागरुक कार्यक्रम आयोजना गरियो।

## सिक्किम-राज्य

राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किमका जनतालाई राज्य स्थापना दिवसको शुभकामना दिँदै राज्यको प्रगति र समृद्ध सांस्कृतिक परम्पराहरूको प्रशंसा गरेका छन्। सिक्किम राज्य दिवस हरेक वर्ष 16 मईमा मनाइन्छ। 1975 मा आजकै दिन सिक्किम भारतको 22औं राज्य बनेको थियो। यो दिन सिक्किम राजतन्त्रबाट भारतको राज्यमा रूपान्तरण भएको वार्षिकोत्सव हो, जुन जनमत संग्रहपछि भएको थियो। एक सोशल मीडिया पोस्ट गर्दै राष्ट्रपति मुर्मूले सिक्किमको अथाह प्राकृतिक सुन्दरता, समृद्ध सांस्कृतिक सम्पदा र त्यहाँका जनताको न्यानोपनका लागि व्यापक प्रशंसा गरिएको बताएका छन्। यसैगरी प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम शान्त सुन्दरता, समृद्ध सांस्कृतिक परम्परा र मेहनती मानिसहरूसँग जोडिएको बताउनु भएको छ। अर्कोतिर एक सोशल मीडिया पोस्ट गर्दै उपराष्ट्रपति, जगदीप धनखडले 'सिक्किमको स्थापना दिवसमा शुभकामना ब्यक गर्दै यस सुन्दर राज्यमा जैविक खेती, शिक्षा र तल्लो तहको शासनमा उल्लेखनीय प्रगतिको लागि प्रख्यात सिक्किम अनन्त परम्परामा आधारित नवीन विकासको उदाहरण रहेको बताउनु भयो।

## आरजी कर

आरजी कर मेडिकल कलेजमा महिला डाक्टरसित भएको दुष्कर्म तथा हत्याको रहस्य अझ गहिरिँदै गइरहेको छ। केन्द्रिय जाँच ब्यूरोलाई यस जघन्य अपराधको आर्थिक भ्रष्टाचारसित गहिरो सम्बन्ध रहेको सन्देह छ। जाँच एजेन्सीको मान्यता छ, कलेजमा पहिलाबाटै हुँदै आइरहेको आर्थिक अनियमितता तथा यस भयानक घटनाको तार आपस्तमा जोड़िएको हुनसक्छ। सीबीआईका एकजना अधिकारी अनुसार युवतीसित भएको बलात्कार तथा हत्याको घटनामा कलेजका पूर्व प्रिन्सिपल सन्दीप घोषका निकटवर्ती अफसर अली खान, सुमन हाजरा औ बिप्लव सिन्हाको भूमिका संदिग्ध रहेको छ। जाँचमा जुटेको सीबीआई टीमले हालैमा आरजी कर मेडिकल कलेजसित सम्बन्धित बलात्कार-हत्याकाण्डमा 2 सयभन्दा अधिक सीसीटीभी फुटेजको विश्लेषण गरेको छ भने अहिलेसम्ममा 12 जना नयाँ मानिसहरूको बयान दर्ता गरिसकेको छ। एजेन्सीको हातमा परेको प्रमाणले यतातिर इशारा गरिरहेको छ कि यस अपराधलाई परिणाम दिने तथा कलेजमा भएको आर्थिक भ्रष्टारमा सामेल मानिसहरूबीच कुनै न कुनै सम्बन्ध अवश्य छ।

**शिक्षक भर्ती घोटाले**

पश्चिम बङ्गालमा शिक्षक भर्ती घोटालाको विरोधमा आन्दोलित शिक्षकहरूको सङ्घर्ष कम हुने सकेत् छैन। हिजो राति पुलिसको लाठीचार्जमा घाइते भए पनि आन्दोलनरत शिक्षकहरू आज बिहान कोलकाताको साल्ट लेकस्थित शिक्षा विभागको मुख्यालय विकास भवनबाहिर भेला भएर घेराउ सुरु गरे।जानकारी अनुसार आज बिहान विकास भवन वरपर ठूलो संख्यामा शिक्षकहरु जम्मा भएका थिए भने  धेरै घाइते शिक्षकहरू पट्टी लगाएर प्रदर्शनमा सामेल भएका थिए। प्रदर्शनकारीहरूले पुलिस ब्यारिकेडहरू हटाएर भवन परिसरमा प्रवेश गर्ने प्रयास गरे, त्यसपछि बिधाननगर पुलिस आयुक्तालयको एक टोली घटनास्थलमा पुग्यो र स्थितिलाई नियन्त्रण गर्ने प्रयास गर्यो।हिजो बिहानदेखि आन्दोलनरत शिक्षकहरुले विकास भवनलाई चारैतिरबाट घेराउ गरेका थिए। राति १० बजेतिर ठूलो संख्यामा पुलिस घटनास्थलमा पुगेर लाठीचार्ज गर्दा धेरै शिक्षक गम्भीर घाइते भएका थिए। यसपछि पनि शिक्षकहरू पछि हटेनन् र नजिकैको क्षेत्रमा धर्नामा बसे।

**एसएससी**

कोलकाताको विकास भवनमा एसएससी उत्तीर्ण बेरोजगार शिक्षकहरूको आन्दोलनले बिहीबार हिंसात्मक मोड लियो। प्रदर्शनकारीहरूको हिंसात्मक मनोवृत्तिका कारण भवनमा उपस्थित पाँच सयभन्दा बढी सरकारी कर्मचारीहरू, जसमा गर्भवती महिला र बिरामीहरू पनि फसेका थिए। पुलिसले उनीहरूलाई सुरक्षित स्थानमा सार्ने प्रयास गर्दा प्रदर्शनकारीहरूले पुलिसमाथि आक्रमण गरे। यस झडपमा १९ जना पुलिसहरु घाइते भएका छन्। यद्यपि, पुलिसले सात घण्टासम्म संयम कायम राख्यो र स्थिति नियन्त्रण गर्ने प्रयास गर्यो। आज पत्रकारहरूसँग कुरा गर्दै दक्षिण बंगालका एडीजी सुप्रतिम सरकारले राती प्रदर्शनकारी र पुलिसमाथि भएको लाठीचार्जको सम्बन्धमा माथि उल्लेखित स्पष्टीकरण दिएका थिए। उनले भने कि -शुरुमा प्रदर्शनकारीहरूले शान्तिपूर्ण धर्ना दिए तर बिहीबार भीड अचानक बढेर २,५०० पुगेको थियो। पुलिसले बारम्बार अनुरोध गर्दा पनि उनीहरूले ब्यारिकेड तोडेर परिसर खाली गरेनन्। प्रदर्शनकारीहरूले कुनै पनि सरकारी कर्मचारीलाई बाहिर निस्कन नदिने भन्न थाले।

**सी.एम मेसेज**

पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले उच्च माध्यमिक वृत्तिमूलक परीक्षामा सफल हुने विध्यार्थीहरूलाई हार्दिक बधाई तथा शुभकामना यक्त गर्नुभएको छ। उहाँले हिजो जारी एक संदेशमा यस सफलाता विध्यार्थीहरू मात्र नभएर उनीहरूको अभिभावक तथा शिक्षकगण पनि बधाईका पात्र हुन् भन्नुभयो। मुख्यमंत्रीले ती विध्यार्थीहरू जो केही कारणवंश उच्च अंक प्राप्त गर्नबाट चूके, उनीहरूलाई पनि आफ्नो संबोधनमा निराश नहुने, परिश्रम र समर्पणद्वारा भविष्यमा अवश्यै सफलता मिल्ने बताउनुभयो। मुख्यमंत्रीले आफ्नो संदेशको अन्तमा सबै विध्यार्थीहरूको उज्जवल भविष्य र सफल जीवनको निम्ति कामना गर्नुभयो।

**कालेबुङ**

कालेबुङमा पानीको समस्या समाधान नभए  अनसन बस्न पनि आफुहरु तयार रहेको चेतावनी जनकल्याण समितिले दिएको छ। आज कालेबुङ शहरमा पिउने पानी अनियमितताको विषय लिएर समितिले एउटा ऱ्याली निकालेको थियो। थाना डाँडाबाट शुरु भएको ऱ्यालीले शहर परिक्रमा गरेर पुन: थाना डाँडा त्रिकोण पार्कमा आएर पथसभा सम्पन्न गरेको थियो। सभा पश्चात् समितिका सचिव हेमकान्त भण्डारीले सम्बन्धित विभागहरुले एकाअर्कालाई देखाउने कार्य नगरेर समस्या समाधान गर्नुपर्ने बताएका छन्।

**नक्सलबाड़ी**

नक्सलबाड़ी थानाको पुलिसले लाखौं रुपिया नगद र ब्राउन शुगर सहित तीनजना आरोपीहरूलाई पक्राउ गरेको छ। पक्रा पर्ने आरोपीहरू सबै सिलगढ़ी निवासी रहेको बताइएको छ। सूत्र अनुसार गुप्त सूचनाको आधारमा हिजो  राती नक्सलबाड़ी थानाको पुलिसले टुकरिया मोड़स्थित एउटा घरमा अभियान संचालन गऱ्यो। यस अवधि पुलिसलाई देखेर भाग्ने प्रयास गरिरहेका तीनजना मानिसहरूलाई समातियो। यी तीनैको जाँच गर्दा 70 ग्राम ब्राउन शुगर र 2 लाख 65 हजार रुपियाँ नगद भेटियो जसलाई पुलिसले

जफ्त गऱ्यो। त्यसपछि तीनैलाई एनडीपीएस एक्ट अन्तर्गत पक्राउ गरियो। नक्सलबाड़ी थानाको पुलिसले यस मामिलामा अग्रिम कारबाही शुरू गरेको छ।

**कृषक**

कृषकहरुलाई कसरी स्वनिर्भर बनाउन सकिन्छ भन्ने प्रमुख उदेश्यको साथमा कृषि विभागको प्रमुख सक्रियतामा दार्जिलिङ पुलबजार खण्डको गोक दुई ग्राममा रेनफल एरिया डेब्लोपमेन्ट क्लाइमेट चेन्ज (आरएडीडी) प्रकल्पबारेमा एक दिने जागरुक कार्यक्रम आयोजना गरियो। ग्राम पन्चायत भवन कोलबुङमा आयोजित कार्यक्रममा सह कृषि निर्देशक भुमी सगरक्षण शाखा कृषि विभाग जीटीए प्रभु नारायण बस्नेत, खण्ड कृषि बिभाग अधिकारी दार्जिलिङ पुलबजार खण्ड अभिनव बागदास, पुल बिजनबारी गोक समष्टि सभासद भुपेन्द्र छेत्री सगै ग्राम पन्चायत प्रधान एण्डुप लेप्चा लगायत ग्रामभरका किसानहरुको बिशेश रूपमा उपस्थिति थियो। कार्यक्रममा आरएडीडी प्रकल्प के हो, कसरी अनुमोदन हुन्छ तथा यसबाट किसानहरुलाई के कस्ता फाइदाहरु पुग्नसक्छ भन्ने बारेमा उपस्थित अधिकारीहरुले बिस्तृत रूपमा बताए।

**निरज-जिम्बा**

दार्जीलिङका विधायक निरज  जिम्बाको सक्रिय पहल र सिफारिसमा चार जना आर्थिक रुपमा कमजोर बिरामीलाई पश्चिम बंगाल सरकारको मुख्यमन्त्री राहत कोष (CMRF) मार्फत आवश्यक उपचार खर्चको सहायता स्वीकृत गरिएको छ।यस सहयोगप्रति पश्चिम बंगाल राज्यकी माननीय मुख्यमन्त्री तथा उत्तरकन्या शाखा सचिवालय, जलपाईगुड़ी स्थित मुख्यमन्त्री कार्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै विधायक  जिम्बाले यस्तो मानवीय सहयोगले न केवल लाभार्थीहरूलाई राहत प्रदान गरेको छ, तर जनउत्तरदायी तथा संवेदनशील प्रशासनप्रति आम जनताको विश्वासलाई अझ बलियो बनाएको बताउनुभएको छ।

**पारा**

हिल तराई प्राथमिक स्वयं सेवक शिक्षक संगठन अनि पारा शिक्षक संगठनका प्रतिनिधिहरूले आज जीटीए प्रमुख कार्यलय अनित थापासग खरसाङ गिद्धे पहाड स्थित जीटीए शाखा कार्यालयमा भेटघाट गरेका छन। भेटघाटको क्रममा शिक्षकहरूले आफुहरुले यति लामो समय सम्म स्वयं सेवक शिक्षक भएर कार्य गरिरहेको तथा उनीहरूले स्थायी नियुक्ति प्रदान गर्न पहल सुरू गरिदिने निवेदन गरेका छन्। अर्कोतिर आफुले सकेसम्म यो समस्यालाई टुङ्गोमा पुर्याउने प्रतिबध्दता जनाएको अनित थापाले जनाएका छन।

****** ० ******